नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,सर्लाही
(प्रशासन शाखा)

स.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.com

प.सं. : ०७७/०७८
च.नं. :

# जिल्ला प्रशासन कार्यालय सर्लाहीका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वभरि फैलिंदै गइरहेको नयाँ भेरियन्टसहितको कोभिड - १९ महामारीको सङ्क्रमण नेपालमा समेत बढ्दै गएको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि सङ्क्रामक रोग ऐन, २०२० को दफा (२) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०१/०६ को निर्णय कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३०४४ मिति २०७८/०१/०६ को पत्रबाट आदेश भएकोले सर्लाही जिल्लामा कोभिड १९ को सङ्क्रमण फैलिन नदिन तथा रोकथाम एवम् नियन्त्रणको प्रभावकारी उपायहरु अवलम्वन गर्न तपसिलबमोजिम हुने गरी सम्बन्धित सबैको जानकारीको लागि यो आदेश जारी गरिएको छ ।

## तपसिल

१. जिल्लाभित्रका सबै शैक्षिक संस्थाका नियमित कार्यक्रम तथा विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने।
२. सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहरी, नाचघर, क्लव, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शकसहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल वैशाख मसान्तसम्म बन्द गर्ने।
३. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल वैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।
४. एक पटकमा २५ जना भन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक नछुने, २ व्यक्तिको बीचमा २ मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी सपिङ मल, डिपार्टमेण्टल स्टोर सञ्चालन गर्ने । जनस्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने ।
५. मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा २५ जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने । विवाह वा ब्रतबन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नु पर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई २५ जनामा नबढ्ने गरी गर्ने ।

हेमराज सामाङ
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,सर्लाही
(प्रशासन शाखा)

स.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.com

प.सं. : ०७७/०७८
च.नं. :

६. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, वैठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

तर सुरक्षा निकायको आन्तरिक तालीमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई सञ्चालन गर्न सकिने ।

७. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने:-

क. सिट क्षमता भन्दा बढी यात्रु नराखे,
ख. सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,
ग. सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,
घ. चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,
ङ. सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने,
च. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलागाई आएमा चालक वा सहचालकले बढीमा १० रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने ।
छ. मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,
ज. लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा वीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसि) लाई उपलब्ध गराउने ।

८. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा १० रुपैयाँ लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

९. होटेल तथा रेष्टुरेण्टले विहान ८ बजेदेखि वेलुका ८ बजेसम्म देहायबमोजिमका मापदण्ड पालना गरी सेवा दिने र सो समयपश्चात टेकअवे र होम डेलिभरी मात्र उपलब्ध गराउने:-

क. होटेल तथा रेष्टुरेन्टका कामदारले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने,
ख. होटेल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,
ग. कम्तीमा २ मिटरको भौतिक दूरी कायम गर्नु पर्ने,
घ. सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,
ङ. होटेल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नु पर्ने,
च. होटेल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा १० रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने ।

...राज तामाङ



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय,सर्लाही
(प्रशासन शाखा)

स.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.com

प.सं. : ०७७/०७८
च.नं. :

१०. राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटेल तथा रेष्टुरेन्टहरुले बुँदा नं. ९ बमोजिमका जनस्वास्थ्यका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने।

११. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणालीमार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने।

१२. यथासम्भव रुपले सबै बैङ्क तथा वित्तीय संस्थामा सेवा तथा कार्यको लागि विद्युतीय भुक्तानी प्रणाली लागू गर्ने व्यवस्था गर्ने। सेवा शुल्क र महसुल अग्रीम वा एकमुष्ट रुपमा बुझाउन चाहनेलाई सो बमोजिम गर्न सक्ने गरी व्यवस्था मिलाउने।

१३. नियमित रुपमा सञ्चालन हुनु पर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने।

१४. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले देहाय बमोजिम गर्नेः-

क. कोभिड-१९ सम्वन्धमा व्याप्त भ्रम हटाउने, समुदायमा सही सूचना सम्प्रेषण गर्ने तथा जनस्वास्थ्यका मापदण्डहरु पालना गर्न प्रोत्साहन गर्ने।

ख. परीक्षण, क्वारेन्टीन, आइसोलेसन तथा उपचारको लागि सम्पर्क गर्न आवश्यक सहयोग गर्ने।

ग. क्वारेन्टीन वा आइसोलेसनमा वस्नु पर्ने व्यक्ति त्यसरी क्वारेन्टिन वा आइसोलेसनमा बसे नबसेको सूचना स्थानीय तहलाई दिने।

घ. घर वा होटेलमा क्वारेन्टिन वा आइसोलेसनमा बसेका व्यक्तिलाई आवश्यकता अनुसार स्वास्थ्यसम्बन्धी जानकारी उपलब्ध गराउने तथा परामर्श दिने, आवश्यकता अनुसार फलोअप गर्ने र सूचना अद्यावधिक गर्न कन्टयाक्ट ट्रेसिङ समूहलाई सहयोग गर्ने।

ङ. २ मिटरको भौतिक दूरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको सूचना स्थानीय तहलाई दिने।

च. ६० वर्ष माथिका नागरिक, दीर्घ रोग भएका व्यक्तिलाई घर बाहिर नजान अनुरोध गर्ने र जानै पर्ने अवस्था भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी गन्तव्यसम्म पुग्न र फर्किन सहजीकरण गर्ने।

छ. कोभिड-१९ विरुद्धको अभियानमा स्थानीय सङ्घ संस्था, क्लव, शिक्षक तथा स्वयम् सेवक परिचालनका लागि स्थानीय तहलाई सहयोग गर्ने।

१५. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहायबमोजिम गर्नेः-

क. जनस्वास्थ्यका मापदण्डको पूर्ण रुपमा पालना गर्ने।

ख. घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नुपर्ने मास्क बन्द डस्टबिन वा प्लास्टिक झोलामा वन्द गरी सुरक्षित साथ राखी ५ दिनपछि मात्र बिसर्जन गर्ने।

ग. घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने।

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी



Scanned with CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय,सर्लाही
(प्रशासन शाखा)

स.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.com

प.सं. : ०७७/०७८
च.नं. :

घ. विदेशबाट नेपालमा आउँदा वा निकट सम्पर्कमा रही कन्टयाक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा १० दिन होम क्वारेन्टीनमा अनिवार्य रुपमा बस्ने।

ङ. पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म बाहिर हिँडडुल, भेटघाट र बैठक नगर्ने।

च. स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने।

छ. अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने।

ज. होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्यसम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने।

१६. यस आदेशमा उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसँग सम्बन्धित निकाय, सार्वजनिक, निजी, गैरसरकारी संघ संस्था, कल कारखानाले त्यस्तो सेवा वा कार्य सञ्चालन गर्दा गराउँदा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने।

१७. व्यावसायिक, पेशागत र सामुदायिक संङ्घ संस्थाले यो आदेशको पालना गर्ने गराउने र कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापनमा सहयोग गर्ने।

*कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमनका लागि प्रमुख जिल्ला अधिकारीले संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ ले दिएका अधिकारको प्रयोग गरी कारवाही गर्नुका अतिरिक्त यस आदेश बमोजिम निषेध, नियन्त्रण र नियमन गरिएका काम कारबाही सो बमोजिम भए नभएको र यस आदेशको पालना भए नभएको अनुगमन गरी सोको परिपालन गर्ने गराउने कार्य हुनेछ। सो क्रममा आदेशको पालना नभएको पाइएमा उल्लिखित एवम् प्रचलित कानूनबमोजिम कारवाही (जरिवाना वा कैद वा दुवै सजाय) हुने व्यहोरा समेत सबैमा सूचित गराइन्छ ।*

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी
हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

मिति: २०७८/०१/०७ गते



Scanned with CamScanner